**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**आदेश**

**०८१-WO-१०७५**

**विषयः उत्प्रेषण।**

आरोग्य कार्की.............................................................................................निवेदक

**विरुद्ध**

मालपोत कार्यालय, पोखरा, कास्की समेत .......................................................प्रत्यर्थी

निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता डा. श्री सुरेन्द्र भण्डारी र विद्वान अधिवक्ता श्री महेश डंगोलले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सो समेत खुलाई यो आदेश प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र विपक्षी नं. १ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र अन्य विपक्षीहरूको हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

निवेदकले अन्तरिम आदेश माग गरेको सम्बन्धमा विचार गर्दा, निवेदक समेतको अंश भाग लाग्ने पोखरा महानगरपालिका वडा नं. १० को कि.नं. १५१ को जग्गा हाल पोखरा फाइनान्सले सकार गरी आफ्नै नाममा राखेको भन्ने देखिँदा उक्त कि.नं. को जग्गा अन्य कसैको नाममा हक हस्तान्तरण नगर्नु नगराउनु भनी विपक्षीको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ को उपनियम (२) को देहाय (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।

साथै, प्रस्तुत निवेदनमा संलग्न निवेदक र प्रत्यर्थीहरु बस्ने/अवस्थित ठाउँ ठेगाना हेर्दा, यस प्रकारको निवेदन सम्बन्धित क्षेत्राधिकार भएको उच्च अदालतमा नै संविधानको धारा १४४(१) अनुरूप दर्ता गर्न सकिने भएतापनि यस अदालतमा दर्ता गरिएको देखिएकोमा

सेवाग्राहीको सुविधाको दृष्टिकोणबाट तथा नेपालको संविधानको धारा १२८(२), १३३, १३९(१) र १४४ र न्याय प्रशासन ऐन, २०७३ मा उल्लेख गरिएको उच्च अदालतको अधिकार क्षेत्र सम्बन्धी व्यवस्था समेतको रोहमा हेर्दा देहायका प्रश्नहरूको निरूपण गर्नु आवश्यक देखिएकोले प्रस्तुत निवेदनलाई प्राथमिकतामा राखी लिखित जवाफ परेको दश दिनभित्र सुनुवाई हुने गरी पेशीमा अग्राधिकार दिई पूर्ण सुनुवाईको लागि पेश गर्नू।

क. नेपालको संविधानको धारा १४४(१) र (२) बमोजिमको उच्च अदालतको अधिकार क्षेत्र प्रादेशिक वा भौगोलिक प्रकृतिको हुने हो वा होइन?

ख. नेपालको संविधानको धारा १४४(१) बमोजिम असाधारण अधिकारक्षेत्रको प्रयोग गर्दा, जुनसुकै उच्च अदालतलाई जुनसुकै प्रदेशमा बस्ने व्यक्तिहरू वा निकाय पक्ष विपक्ष भएका रिट निवेदन हेर्ने अधिकार हुने हो वा होइन?

ग. नेपालको संविधानको धारा १४४(१) र (२) बमोजिम उच्च अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गर्दा, के-कस्तो प्रकृतिको कार्यकारण (cause of action) को आधारमा संघीय निकाय वा अर्को प्रदेश मातहत/अन्तर्गत कार्यक्षेत्र रहेको निकायका विरुद्ध दायर हुनसक्ने रिट निवेदन हेर्ने अधिकार हुने हो?

घ. उच्च अदालतले के-कस्तो अवस्थामा forum non conveniens को सिद्धान्तको आधार लिई आफ्नो प्रादेशिक/भौगोलिक क्षेत्राधिकार भित्र अवस्थित वा कार्यक्षेत्र भएका निकाय विरुद्ध दायर भएका रिट निवेदनहरू हेर्न इन्कार गर्न मिल्ने हो?

ङ. प्रस्तुत निवेदन तथा यस्तै प्रकारका निवेदनहरुलाई यस अदालतले सम्बन्धित क्षेत्राधिकार भएको उच्च अदालतमा पठाउनु उपयुक्त हुने हो वा होइन?

न्यायाधीश

इति सम्वत् २०८१ साल चैत्र २० गते रोज ४ शुभम्..........................................।